# शैक्षिक जनशक्ति विकास केन्द्र

सानोठिमी, भक्तपुर

<u>शिक्षक नेताहरुका लागि नेतृत्व क्षमता विकास तालिम सञ्चालन कार्यविधि</u>

१. **सहभागी छनोट**

- शैताके अवस्थित जिल्लामा कार्यरत शिक्षकका सबै पेसागत संघ/संगठनका प्रतिनिधिहरु र जिल्ला शिक्षा अधिकारीसँग बैठक गरी आफ्नो क्षेत्रीय सेवा क्षेत्रभित्रका सवै जिल्लाबाट संगठनगत कोटा (२२ जना) निर्धारण गर्ने ।
- सहभागी कोटा निर्धारण गर्दा यस पटकलाई भरसक संस्थाका मुख्य पदाधिकारीहरुलाई प्राथमिकतामा राख्ने ।
- जिल्लाबाट सहभागी मनोनयन कार्य जिल्ला शिक्षा कार्यालयमार्फत गर्ने ।
- आफ्नो सेवाक्षेत्र भित्रका शैताके-ख बाट १/१ जनाका दरले तालिममा प्रशिक्षकका रुपमा सहभागी गराउने ।
- आयोजक शैताकेबाट २-३ जनासम्म प्रशिक्षकलाई प्रशिक्षक तयारी प्रयोजनका लागि तालिममा सहभागी गराउने ।

२. **तालिम सञ्चालनको तयारी**

- TOT प्राप्त प्रशिक्षकद्वारा आफ्नो तालिम केन्द्रका सबै प्रशिक्षक समुहलाई तालिम सञ्चालनसम्बन्धी अभिमुखीकरण गर्ने ।
- तालिमका स्रोतव्यक्ति छनोट गर्दा TOT प्राप्त प्रशिक्षकका अतिरिक्त विशेषज्ञताका आधारमा अन्य वरिष्ठ/प्रशिक्षक, जिशिअ, वरिष्ठ/निवृत प्रअ,शिक्षक पेसागत संस्थाका पदाधिकारी एवम् पहिलो Batch तालिम (जेठ २०६८) प्राप्त पदाधिकारी (पायक पर्ने गरी) मध्येबाट व्यवस्था मिलाउने ।
- तालिम सञ्चालन गर्दा तालिम कोर्सद्वारा निर्दिष्ट विषयवस्तुहरु र कार्यकलाप डिजाइनमा उल्लिखित कार्य प्रकृयाको पूर्ण परिपाल्ना गर्ने गरी सम्पूर्ण तयारी व्यवस्था मिलाउने ।

३. **सामग्री व्यवस्था**

- केन्द्रबाट वितरित तालिम पाठ्यक्रम तथा सञ्चालन पुस्तिका र अध्ययन सामग्री गरी २ ओटा सामग्रीहरू तालिम प्रारम्भ हुनासाथै सवै सहभागीहरुलाई वितरण गर्ने ।
- सबै विषयका <u>कार्यपत्रहरुको सङ्ग्रहको hard copy</u> तालिमको अन्तिम दिन सबै सहभागीहरुलाई वितरण गर्ने । साथै तालिमको अन्तिम दिन सबै सहभागीहरुले तयार गर्ने सहकार्य मार्गचित्र दस्तावेजसमेत यसै सङ्ग्रहमा समेटिनुपर्ने ।

४. **प्रमाणीकरण**

- सबै सहभागीहरुले सफलतापूर्वक तालिम सम्पन्न गरिसकेपछि अन्तमा सवै सहभागीलाई “तालिम सम्पन्नताको प्रमाण-पत्र” र प्रशिक्षक सहभागीहरुलाई “प्रशिक्षक प्रशिक्षण सम्पन्नताको प्रमाण-पत्र” प्रदान गर्ने व्यवस्था मिलाउने ।

५. **खर्च व्यवस्था**

- यस कार्यक्रमको प्रकृति मिल्दोजुल्दो भएकाले स्वीकृत बजेटको परिधिभित्र रही “प्रशिक्षक प्रशिक्षण सञ्चालन” प्रयोजनका लागि स्वीकृत “खर्च गर्ने आधार/नर्म्स” का आधारमा खर्च व्यवस्था मिलाउने ।